# पोखरा विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय

## सोऱ्हौं दीक्षान्त समारोहमा भाग लिन online फाराम भर्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०७५/११/२४)**

पोखरा विश्वविद्यालयको २०७५ साल चैत्र २० गते (3rd April, 2019) मा आयोजना हुन गइरहेको सोऱ्हौं दीक्षान्त समारोहमा भाग लिन २०७५ साल फागुण ३० गते (14th March, 2019) सम्ममा स्नातक, स्नातकोत्तर तथा एम.फिल. तह उत्तीर्ण गरी ट्रान्सक्रिप्टका लागि आवेदन गरिसकेका विद्यार्थीहरुले पोखरा विश्वविद्यालयको आधिकारिक website मार्फत online फाराम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन फाराम भर्ने विधि तथा आवश्यक कागजातहरु:**

- पोखरा विश्वविद्यालयको website, pu.graduationnp.com मा राखिएको online आवेदन फाराम, आवेदक स्वयंले भरी online बाट नै आवेदन फाराम submit गर्नुपर्नेछ । नेपाली नाम Aalekh Font मा Type गर्नुपर्नेछ र उक्त Font, website बाट नै Download गर्न सकिनेछ ।
- मिति 21st February, 2018 भन्दा पछि Transcript Issue भएका विद्यार्थीहरु मात्र यस दीक्षान्त समारोहमा सम्मिलित हुन पाउनेछन् ।
- विद्यार्थीले फाराम भरे अनुसार नै Convocation Certificate तयार हुनेहुदा Online फाराम भर्दा नेपाली नाम नागरिकता अनुसार र English नाम Transcript अनुसार भर्नुपर्नेछ । अन्यथा भरी Certificate गल्ती हुन गएमा विद्यार्थी स्वंय जवाफदेही हुनुपर्नेछ ।
- Website मा online फाराम **मिति २०७५/११/२८ गतेदेखि मिति २०७५/१२/१२** गतेसम्म मात्र उपलब्ध हुनेछ । उक्त अवधिभित्र कुनै पनि समयमा फाराम भर्न सकिने र तोकिएको अवधि पश्चात् online फाराम स्वत: बन्द हुनेछ ।
- Online फाराम भर्दा MRP साईजको फोटो, नागरिकताको प्रमाणपत्र र Transcript Scan गरी upload गर्नुपर्नेछ । Scan गर्दा सबै Document Coloured हुनुपर्नेछ । सम्पूर्ण Scan गरेको Photo को Size 300KB भन्दा बढी र 1MB भन्दा कम हुनुपर्नेछ ।
- Online फाराम भरिसकेपछि आवेदकले फाराम भर्दा भरेको e-mail Address मा PDF Documents प्राप्त गर्नेछ र उक्त PDF Document मा आवेदकले बैंकमा बुझाउनुपर्ने शुल्कको विवरण र गाउन लिन तथा फिर्ता गर्न आउँदा प्रयोग हुने Slip समेत प्राप्त गर्नेछ । विद्यार्थीले मिति २०७५/१२/१२ गतेसम्ममा बैंकमा रकम जम्मा गरिसक्नुपर्नेछ ।
- दीक्षान्त समारोहमा सम्मिलित हुन विद्यार्थीले PU Exam Control Office को नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको खाता नं. ०११०५०२००११९३८ वा कामना सेवा विकास बैंकमा रहेको खाता नं. ०१२००३०००२७३१७००००००१ मा रु. ५,५००।- (दीक्षान्त तथा प्रमाणपत्र शुल्क बापत रु.३,५००।- र दीक्षान्त पोशाक (गाउन, ह्याट र स्कार्प) धरौटी शुल्क बापत रु.२०००।-) जम्मा गर्नुपर्नेछ र जम्मा गर्दा बैंकबाट प्राप्त गरेको सक्कल बैंक भौचर दीक्षान्त पोशाक लिन आउँदा अनिवार्य रुपमा ल्याई परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ ।
- बैंकमा रकम जम्मा गर्न जादाँ e-mail मार्फत प्राप्त गरेको PDF Document मा भएको Order No. बैंक भौचरमा अनिवार्य रुपमा लेख्नुपर्नेछ र विद्यार्थीले बैंक कर्मचारीलाई Bank Statement मा Order No. अनिवार्य Posting गर्न अनुरोध गर्नुपर्नेछ ।
- दीक्षान्त पोशाक वितरण २०७५ साल चैत्र १७, १८ र १९ गतेका दिन बिहान १०:०० बजेदेखि बेलुका ४:३० बजेसम्म हुनेछ ।
- दीक्षान्त पोशाक फिर्ता २०७५ साल चैत्र २१ गते बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीबाट हुनेछ । दीक्षान्त पोशाक फिर्ता गरेपछि मात्र विद्यार्थीले online फाराम भर्दा भरेको बैंक खातामा पोशाक बापतको धरौटी रकम डिपोजिट गरिनेछ ।
- दीक्षान्त समारोहका दिनमा दीक्षान्त पोशाक वितरण गर्ने तथा दीक्षान्त पोशाक फिर्ता गरिने कार्य हुने छैन ।
- दीक्षान्त पोशाक लिन तथा पोशाक फिर्ता गरी धरौटी बापतको रकम फिर्ता लिन आउँदा अनिवार्य रुपमा e-mail मार्फत प्राप्त गरेको PDF Document Print गरी साथमा लिएर आउनुपर्नेछ ।
- अन्य विस्तृत जानकारीका लागि तथा online फाराम भर्दा केही समस्या भएमा पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीमा प्रत्यक्ष तथा फोन नं. ०६१-५०४०८७ मा सम्पर्क राख्न सकिने छ ।

**परीक्षा नियन्त्रण कार्यालय**